# मध्यपुर थिमि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
थिमि, भक्तपुर
३ नं. प्रदेश, नेपाल

**२०७४ साल वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनबाट जेष्ठ ११ गते जनप्रतिनिधिहरुले पदवहाली गरेपछिको १०० दिनको कार्य प्रगति विवरण**

१. वि.स. २०७४ साल जेष्ठ ११ गते निर्वाचित जनप्रतिनिधिहरुले सपथ ग्रहण पश्चात सोही दिन नगर प्रमुख, उप प्रमुख र ९ वटा वडाका अध्यक्ष तथा वडा समितिका पदाधिकारीहरुबाट पदवहाली गरी सोही दिनबाटै कार्य प्रारम्भ गरिएको हो । नगर प्रमुखबाट पदवहाली गर्दा वडा कार्यालय सेवा सञ्चालन कार्यविधि, २०७४ अनुरुप कार्यगर्ने स्वीकृति सहित पदवहाली भयो । उक्त कार्यविधिमा ६४ प्रकारका कार्यहरु वडा कार्यालयहरुबाट सम्पादन हुने गरी अधिकार प्रत्यायोजन भएको छ भने कार्य सञ्चालनको स्पष्ट विधि र प्रक्रिया तोकिएको छ । यसमा कार्यसम्पादन गर्दा गर्नुपर्ने ४५ वटा पत्रहरुको नमूना समेत संलग्न छ । ***वडा तहको सेवा सञ्चालन कार्यविधि लागू गर्ने मध्यपुर थिमि नगरपालिका नेपालको पहिलो नगर सरकार हो*** । यस कार्यविधि अनुरुप कार्यसम्पादन भएकोले वडा कार्यालय र नगर कार्यपालिकाको कार्य विभाजनमा कुनै द्विविधा छैन ।

२. मध्यपुर थिमि नगर क्षेत्र खानेपानीको मुहानको श्रोत भएको र यहीबाट काठमाण्डौं तथा भक्तपुरमा खानेपानी वितरण भएको अवस्थामा नगरवासीले सहज र सरल तरिकाबाट खानेपानीको वितरण हुन नसकेको जनगुनासोको बीचमा सवै वडा अध्यक्षहरु र वोडे खानेपानी प्रशोधन केन्द्रका पदाधिकारीहरु बीचमा छलफल गरी खानेपानी वितरण प्रणालीको कार्यतालिका सार्वजनिक गरियो । उक्त कार्यतालिका बमोजिम खानेपानी वितरण प्रणालीमा सुधार ल्याउन पटक पटक बैठक वसी गुनासाहरुको सम्वोधन गर्ने कार्य गरिएको छ । फलस्वरुप हालका दिनमा खानेपानी वितरण प्रणालीमा सुधार आएको महसुश भएको छ । आगामी दिन खानेपानी वितरण प्रणालीमा थप सुधार ल्याउन टिगनी देखि वाहाखा बजारसम्म ६ इन्च, सानो ठिमि एसओएस र गठ्ठाघरसम्म ४ इन्चको सीधा पाइपलाइन विस्तारका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

३. यस नगरपालिका क्षेत्र भित्र सामाजिक सुरक्षा भत्ता ८ वटा वैंक मार्फत वितरण भई रहेकोमा प्रत्येक चौमासिकमा एक दिन अशक्त, विरामीका लागि लक्षित गरी घरदैलोसम्म नै भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको छ । यसमा नगरपालिका र सम्वन्धित वैंकबाट लागत साझेदारी गरिनेछ ।

४. "***हाम्रो कला, हाम्रो संस्कृति, मध्यपुर थिमि, हाम्रो सम्पत्ति***" लाई संस्थागत गर्न नगरपालिका क्षेत्र भित्रको ऐतिहासिक, धार्मिक, साँस्कृतिक जात्रा, पर्व एवम् सम्पदा लगायतका अमुर्त संस्कृतिको संरक्षणका लागि अक्षय कोष स्थापना तथा सञ्चालनको कार्यविधि निर्माण गर्न वडा नं. ७ का वडा अध्यक्षको संयोजकत्वमा एक कार्यदल गठन गरी कार्य गरिरहेको छ ।

५. निर्वाचित जनप्रतिनिधि वहाल भएपछि नगर कार्यपालिकाको कार्य सहजीकरण र प्रभावकारी व्यवस्थापनका लागि कानून तथा प्रशासन महाशाखा र योजना तथा शहरी विकास महाशाखा गठन गरी कार्यसञ्चालनमा ल्याइएको छ । ***नगरपालिकाहरु मध्ये महाशाखा गठन गरी कार्यसञ्चालन गर्ने मध्यपुर थिमि नेपालको पहिलो नगर सरकार हो ।*** त्यसबाट नगरपालिकाको प्रशासकीय संरचनाको कार्यक्षेत्र विस्तार भएको छ भने आगामी दिनमा नगरपालिकाको संगठन संरचनामा विभाग गठन गरी कार्यसञ्चालन गर्न सक्ने आधार तयार भएको छ ।

६. स्थानीय तहको कार्य सम्पादनलाई कानून सम्मत बनाउन नगर कार्यपालिकाको वैठकबाट मध्यपुर थिमि नगरपालिका, नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४, नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४, नगर कार्यपालिका वैठक सञ्चालन कार्यविधि, २०७४, नगरसभा बैठक सञ्चालन कार्यविधि, २०७४ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

७. मध्यपुर थिमि नगरपालिकाको प्रथम नगरसभाबाट वार्षिक नीति, बजेट तथा कार्यक्रम, २०७४, आर्थिक ऐन, २०७४ र विनियोजन ऐन, २०७४ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । यस वर्षको नगरसभाबाट पारित नीतिगत ब्यवस्थालाई हेर्दा १४ वटा विषयगत क्षेत्रमा ८० वटा नीतिगत प्रवन्ध गरिएको छ । स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि कूल बजेट रु ७३ करोड ९८ लाख ८९ हजार विनियोजन भएको छ । प्रत्येक वडाका लागि वडागत बजेट रु १ करोड ४० लाख रहेको छ । ***जुन नेपालका स्थानीय तहहरुसँगको तुलनामा समेत यो रकम वडागत विनियोजनमा सबैभन्दा वढि रकम हो*** । गत वर्ष स्वीकृत भएको बजेट रु ३९ करोड ८१ लाख ७९ हजारको तुलनामा यो वर्षको बजेट १८५.८२ प्रतिशतले वढि हो । गत आर्थिक वर्ष २०७३।७४ को असार मसान्तसम्मको राजस्व संकलन रु ६ करोड ७७ लाख २० लक्ष्य रहेकोमा १२ करोड ९४ लाख ६० हजार राजस्व संकलन भएको छ । जुन लक्ष्यको तुलनामा १९१.१७ प्रतिशतले वढि हो । ***करको दर र दायरा विस्तार नगरी केवल प्रविधिगत र प्रशासनिक सुधारबाट कायम भएको यो वृद्धिदर नेपालका सबै स्थानीय तहको तुलनामा सबैभन्दा उच्च हुनुका साथै ऐतिहासिक कार्य हो ।*** राजस्व संकलनका लागि अन्लाइन विलिङ्ग कम्प्यूटर सफ्टवेयर प्रयोगमा ल्याइएको छ । नगरवासीले जुनसुकै वडा कार्यालयबाट पनि आफ्नो कर राजस्व दाखिला गर्न सक्ने व्यवस्था छ । नगरपालिका कार्यालय परिसर भित्रै राजस्व संकलनका लागि वैंक काउन्टर स्थापना गर्ने निर्णय भएको छ ।

८. नेपाल सरकारले गरेको निर्णयानुसार विषयगत कार्यालयहरुबाट प्राप्त हुन आएका ६१ जना कर्मचारीहरुलाई नगर कार्यपालिकाले हाजिर गराई कार्य कक्षको व्यवस्थापन सहित कार्य थालनी भएको छ । यसबाट जिल्लास्थित कार्यालयहरुबाट सम्पादन हुने कृषि विकास, शिक्षा, जनस्वास्थ्य, आर्युवेद, पशु विकास, वन, महिला वालवालिका सम्वन्धी कार्य नगरपालिकाबाट सञ्चालन हुन सक्ने कार्यवातावरण तयार भएको छ । ***विषयगत कार्यालयबाट प्राप्त जनशक्तिलाई सहर्ष स्वीकार गर्दै कार्यकक्ष सहित सहज कार्यवातावरण तयार गर्ने नेपालका सबै स्थानीय तह मध्ये मध्यपुर नगर सरकार सबैभन्दा अगाडि छ ।*** आगामी दिनमा यी सेवा वडा तहबाटै सम्पादन गर्न सकिने गरी कार्यगत तयारीको थालनी गरिएको छ ।

९. प्रथम नगरसभाबाट स्वीकृत वार्षिक नीति, बजेट तथा कार्यक्रम, २०७४ लाई कार्यान्वयन गर्न श्रावण २९ र ३० गते दुई दिन गोदावरीमा वार्षिक कार्यान्वयन कार्ययोजना निर्माण गोष्ठी मार्फत समय तालिका सहितको कार्ययोजना बनेको छ । उक्त कार्य योजनाले चालु आर्थिक वर्ष २०७४।७५ मा नगरपालिकाबाट सञ्चालन गरिने ८९८ वटा क्रियाकलापहरुको पहिचान भएको छ । नगरपालिकाको शाखागत कार्य र विषयगत शाखाको कहाँ कसरी कार्यमा दोहोरोपना छ, एउटै प्रकृतिको कार्यका लागि कहाँ, कसका लागि, कसरी, कति बजेट परेको छ ? सोको पहिचान भएको छ । उक्त अवसरका सेवा प्रवाहलाई सहज, सरल र प्रभावकारी बनाउन १९ बुँदे गोदावरी घोषणा पत्र समेत जारी गरिएको छ । ***नेपालका सबै स्थानीय तहका सरकार मध्ये नगरसभाबाट स्वीकृत नीति, बजेट तथा कार्यक्रमलाई कार्यरुप दिन वार्षिक कार्यक्रम कार्ययोजना तयार गर्ने र सेवा प्रवाहको घोषणा पत्र जारी गर्ने मध्यपुर थिमि नगरपालिका पहिलो नगर सरकार हो*** । अतः हाम्रो लागि यो एक ऐतिहासिक कार्य समेत हो ।

१०. नगरपालिकामा फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन १ वटा फोहोर संकलन गर्ने सवारी साधन, १ वटा जेटिङ्ग मेसिन (ढल खोल्ने सवारी साधन) खरिद गरी सञ्चालनमा ल्याइएको छ । साथै, नगरपालिका भित्रको नगर पूर्वाधारलाई ब्यवस्थित गर्न १ वटा ब्याको (डोजर) समेत खरिद भएको छ ।

११. "***स्वच्छ र सफा शहर : नगरवासीको रहर***" नारालाई सार्थक बनाउन वडागत रुपमा नै सरसफाई विशेष अभियान सञ्चालन गर्न रु ३६ लाख बजेट विनियोजन गरिएको छ । साथै, नगरपालिकाको तर्फबाट श्रोतमा नै कुहिने र नकुहिने फोहोर संकलनका लागि छुट्टा छुट्टै वाल्टिन वितरण गरी फोहोरको बैज्ञानिक व्यवस्थापन गर्ने कार्ययोजनाको तयारी अन्तिम चरणमा पुगेको छ । फोहोर संकलन मात्र नभई यसको समुचित बैज्ञानिक व्यवस्थापन गर्दै यसलाई जग्गा विकास (Land Development) कार्यक्रमसँग आवद्ध गर्ने र यस नगर क्षेत्रको फोहोर नगरक्षेत्र भित्रै ब्यवस्थापन गर्ने कार्यनीतिलाई सार्थक बनाइनेछ ।

१२. विगत लामो समय देखि सञ्चालनमा नरहेका मध्यपुर थिमिका ऐतिहासिक जात्रा, नाच, कला संस्कृति जस्तै १३ वर्ष देखि सञ्चालनमा नभएको मयुर नाच, ११ वर्ष देखि रोकिएको जिव्रो छेड्ने जात्रा (वालकुमारी भाद्र २१), २५ वर्ष देखि प्रदर्शनमा नआएको वाननीको महाकाली नाच (भाद्र २१ देखि २४ सम्म), १९ वर्षदेखि प्र्रदशन नआएको सलाचा नाच आदिलाई निर्वाचित जनप्रतिनिधिको पहलमा सञ्चालनमा ल्याइएको छ । यस्ता ऐतिहासिक पक्षको जगेर्ना र सम्वर्द्धन गर्न नगरपालिकाको तर्फबाट लागत साझेदारी समेत गरिएको छ । यसको प्रमुख लक्ष्य भनेको **हाम्रो कला, हाम्रो संस्कृति : मध्यपुर थिमि, हाम्रो सम्पत्ति** भन्ने नगरपालिकाको नारालाई मुर्तरुप दिनु रहेको छ । साथै, ऐतिहासिक निलवाराही गणनाच, नगदेशको महाकाली नाच, विगत ४५ वर्ष देखि प्रर्दशनमा आउन नसकेकोमा गत ३ वर्षदेखि सञ्चालनमा आएको भैरव नाच, वोडेको जीव्रो छेड्ने जात्रा, इन्द्र अप्सरा नाच, भस्मासुर नाच, अष्टमातृका नाच, विस्केट जात्रा, आदिलाई नगरपालिकाबाट उच्च प्राथमिकतामा राखी लागत सहभागिता गर्ने नीतिगत व्यवस्था गरेको छ । ***स्थानीय कला, संस्कृति र मूल्य मान्यतालाई जर्गेना, संरक्षण र प्रवर्द्धनमा संस्थागत लगानी गर्ने नेपालका सबै स्थानीय तहहरु मध्ये मध्यपुर थिमि नगरपालिका पहिलो नगर सरकार हो ।***

१३. चालु आर्थिक वर्षमा नगरपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय भवनका लागि रु १० करोड रकम विनियोजन भएको छ । यस रकमबाट ऐतिहासिक कला र संस्कृतिको पहिचान सहितको वहु उपयोगी भवन निर्माणका लागि डिजाइन र इष्टिमेटको कार्य प्रारम्भ गरिएको छ ।

१४. चालु आर्थिक वर्षमा सञ्चालन गर्ने अधिकाशं योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने कार्य नीति लिएको छ । भौतिक पूर्वाधार विकासका लागि रु ३० करोड २५ लाख विनियोजन गरिएको छ । जसबाट वडा तहमा २९० वटा, नगरस्तरीय ठुला पूर्वाधार ४४ वटा, सडक वोर्ड अन्तरगत १६ वटा र अन्य आकस्मिक योजना ५० गरी कूल जम्मा ४०० योजना स्वीकृत भएका छन् ।

१५. नगरपालिकाबाट सञ्चालन हुने योजनामा उपभोक्ता समितिको कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन उपभोक्ता समिति सञ्चालन निर्देशिका, २०७४ को मस्यौदा तयार गरिएको छ । उक्त मस्यौदामा उपभोक्ता समितिको गठन र कार्यसञ्चालनमा निर्वाचित जनप्रतिनिधिहरुको भूमिकालाई सहजकर्ता र अनुगमन कर्ताको रुपमा रहने कार्यगत ब्यवस्था मिलाइएको छ । विगतमा २० प्रतिशत उपभोक्ता समितिको कार्यमा नगद लागत सहभागिता गर्नुपर्ने ब्यवस्थाको सट्टामा २० प्रतिशत जनश्रमदान गर्न सक्ने प्रवन्ध मिलाइएको छ ।

१६. नगरपालिकाबाट सञ्चालन हुने भौतिक पूर्वाधार विकास कार्यका लागि सर्वप्रथम डिजाइन, ड्रोइङ्ग, इष्टिमेट गरेपछि मात्र यस्ता कार्यको लागि संझौता गर्ने नीतिगत ब्यवस्था गरिएको छ । जसबाट भौतिक पूर्वाधार विकासको कार्यमा गुणस्तर कायम गर्दै दिगोपनाकासाथ लागत प्रभावकारीता बढाउदै वित्तीय जोखिम न्यूनीकरण गर्ने लक्ष्य लिइएको छ ।

१७. वडा तहमा सञ्चालन हुने कार्यका लागि सम्वन्धित वडाको वडा अध्यक्ष सहित वडा समितिका पदाधिकारीहरुको विकास निर्माणको कार्यमा नेतृत्वदायी भूमिका स्थापित हुन सकोस भनी उपभोक्ता समितिको गठन, ठेक्कापट्टाको वोलपत्र आव्हान देखि कार्यसम्पन्नसम्म र यस्तो कार्यको भुक्तानी गर्दा वडा समितिको सिफारिश चाहिने कार्यगत ब्यवस्था गरिएको छ । फलस्वरुप भौतिक पूर्वाधार विकासमा सञ्चालित कार्यहरु ब्यवस्थित, पारदर्शी र जनमुखी हुने विश्वास लिइएको छ ।

१८. नगरपालिका क्षेत्र भित्रको भौतिक पूर्वाधार र घर नक्सा पासमा भएका नीतिगत समस्या तथा व्यवहारिक कठिनाईहरुको सम्वोधनका लागि ४ नं. वडाका वडा अध्यक्षको संयोजकत्वमा एक कार्य टोली गठन भएकोमा उक्त कार्य टोलीबाट प्रतिवेदन प्राप्त भएको छ । विद्यमान घर नक्सा सम्वन्धी मापदण्डमा कार्यदलले दिएको प्रतिवेदन नगर कार्यपालिकाको वैठकबाट स्वीकृत गरी कार्यान्वयनमा जादा यस क्षेत्रमा देखा परेका अधिकाशं समस्याहरुको सम्वोधन हुन सक्ने देखिन्छ ।

१९. नगर क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति जग्गाहरुको पहिचान, लगत संकलन र संरक्षणका लागि रु १ करोड बजेट विनियोजन भएको छ । सबै वडाहरुमा "***सार्वजनिक जग्गा संरक्षण अभियान***" पौष महिना देखि वडागत कार्यतालिका मिलाई संगठित संघ संस्थाहरुको साझेदारीमा एक महिने अभियान सञ्चालन गर्ने कार्यगत ब्यवस्था मिलाइएको छ ।

२०. भूकम्पबाट क्षतिगस्त निजी आवास पुननिर्माणका लागि पहिचान भएका लाभग्राहीहरु २२५४ मध्ये ८० प्रतिशत लाभग्राहीहरुसँग अनुदान संझौता सम्पन्न भएको छ । संझौता भएका मध्ये ५३ प्रतिशत लाभग्राहीहरुले प्रथम किस्ता रकम नगर क्षेत्रका ६ वटा वैंक मार्फत वितरण भएको छ । दर्ता भएका १३६४ गुनासाहरु मध्ये १००४ वटा गुनासाहरुको फर्छ्यौट भएको छ । लाभग्राहीहरुको सिफारिश वडा समितिबाट सहज र सरल तरिकाले गर्ने व्यवस्था मिलाइएको छ भने लाभग्राहीहरुलाई दोश्रो र तेश्रो किस्ता उपलब्ध गराउन नगरपालिकाको तर्फबाट गर्ने सहजीकरणलाई उच्च प्राथमिकतामा राखी जिल्लास्थित पुनःनिर्माण प्राधिकरण कार्यालयसँग समन्वय गर्ने गरिएको छ ।

२१. जनप्रतिनिधि वहाल भएको १०० दिनको मूल्यांकन गर्दा यस अवधिमा संवैधानिक व्यवस्था अनुरुप नीतिगत खाका, कार्यविधि, मापदण्ड, प्रक्रियागत व्यवस्था, जनशक्ति, कार्यालय भवनको प्रवन्ध, जिल्ला स्थित विषयगत कार्यालयहरुसँगको समन्वयले मुख्य प्राथमिकता पायो । साथै, नगर सभाबाट स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई कार्यरुप दिन वार्षिक कार्यक्रम कार्ययोजना तयार भएको छ । १०० दिनमा गरिएको अभ्यास र अनुभवबाट आगामी दिनमा के कसरी कुन विधि र प्रक्रियाबाट नगरवासीको अपेक्षा अनुसार विकास र सुशासनलाई दिगो र प्रभावकारी बनाउन सकिन्छ भन्ने पक्षमा चुनौती सहितको मार्ग दर्शन प्राप्त भएको छ । यस अवधिमा नगर सरकारको कार्यलाई प्रभावकारी बनाउन आम नगरवासी नागरिकहरुबाट प्राप्त सकारात्मक पृष्ठपोषण तथा निर्वाचित जनप्रतिनिधिहरुको सुझाव र सहयोगको उच्च मूल्यांकन गरिएको छ । साथै, निर्वाचित जनप्रतिनिधिहरुको दैनिक कार्य सञ्चालनमा अहोरात्र साथ दिनुहुने उपप्रमुख अन्जना देवी मधिकर्मी, कार्यकारी अधिकृत श्री कमल ज्ञवाली, वडा अध्यक्षहरु, वडा समितिका सबै पदाधिकारीहरु, कार्यपालिकाका सदस्यहरु, नगर सभाका सदस्यहरु, यस नपाका सम्पूर्ण कर्मचारीहरु, विषयगत शाखाका कर्मचारीहरु र नगरमा क्रियाशील राजनैतिक दल, संगठित संघ संस्था तथा पत्रकारहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा अझ वढि क्रियाशील रचनात्मक सहयोगको अपेक्षा राख्दछु ।

मदन सुन्दर श्रेष्ठ
प्रमुख
मिति २०७४ साल भाद्र २२ गते विहिवार